# जिल्ला समन्वय समितिको बैठक संख्या ३३ मिति २०८२ भाद्र ११ गतेको बैठकका प्रस्ताव तथा निर्णयहरु

<table>
<tr><th>सि.नं.</th><th>प्रस्ताव</th><th>निर्णयको बेहोरा</th></tr>
<tr><td>१)</td><td>निर्णय कार्यान्वयन समीक्षा</td><td>जिल्ला समन्वय समितिको बैठक संख्या ३२ मिति २०८२ साउन ४ गते बसेको बैठकका निर्णयहरुको कार्यान्वयन प्रगतिको सम्बन्धमा जिल्ला समन्वय अधिकारीद्वारा प्रस्तुत विवरण माथि छलफल तथा समीक्षा गरियो।<br>अघिल्लो बैठकको निर्णय नं. २ मा तोकिएको जिम्मेवारी मध्ये सदस्य श्री सोमराज केसीलाई अनुगमन मूल्याङ्कन तथा समन्वयका लागि सदस्यहरुको कार्यजिम्मेवारी हेरफेर गर्ने:<br><table><tr><th>पदाधिकारीको नाम</th><th>जिम्मेवारी कार्यक्षेत्र</th></tr><tr><td>सोमराज केसी</td><td>सोताङ गाउँपालिका</td></tr><tr><td>पेम्बा शेर्पा</td><td>महाकुलुङ गाउँपालिका र लिखुपिके गाउँपालिका</td></tr></table></td></tr>
<tr><td>२)</td><td>स्थानीय तहको असल अभ्यास आदान प्रदान कार्यक्रम सम्बन्धमा</td><td>सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारको च.नं. ९ मिति २०८२।०४।०७ को पत्र तथा चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम मिति २०८२।५।१२ मा आयोजना हुन लागेको स्थानीय तहको असल अभ्यास आदानप्रदान कार्यक्रममा समितिका सदस्यहरु सहभागी भई स्थानीय तहबाट भएको प्रस्तुतिकरण अवलोकन गरी सदस्यहरुको समेत राय सुझाव बमोजिम प्रदेशस्तरमा मन्त्रालयबाट सञ्चालन गरिने कार्यक्रमका लागि उपयुक्त असल अभ्यासको मूल्याङ्कन छनौट गरी कार्यालयबाट पठाउने व्यवस्था मिलाउने।</td></tr>
<tr><td>३)</td><td>कार्यालयको सम्पत्ति उपयोग तथा संरक्षण सम्बन्धमा</td><td>साविक जिल्ला विकास समितिको कार्यालयबाट जिम्मेवारी तथा दायित्व सरी आएका जिन्सी तथा मालवस्तु (जस्तैः कम्प्यूटर, प्रिन्टर लगायतका मेसिनरी औजारहरु) सामानहरुको मर्मत, सम्भार तथा संरक्षण गरी उपयोग गर्नका लागि मौज्दात कोष/नियमित बजेटबाट देहाय बमोजिम गर्ने गराउने।<br>१) मुख्य भवनको छाना र अगाडिपट्टिको भाग (टायल) सरसफाई, मर्मत सम्भार, रङरोगन लगायतका कार्य ज्यामी ज्यालामा परिचालन गर्ने।<br>२) मौज्दात रहेको काठको प्रयोग गरेर भवन ब्लक सीको छतमा आवश्यक जस्तापाताको खरिद गरी प्रयोगमा नआएका तर संरक्षण गर्नुपर्ने सामग्रीहरु राख्ने भण्डार कोठा निर्माण कार्य (डोर हाजिरी)मा गर्ने गराउने।<br>३) कार्यालयको अगाडिको भागमा रहेको प्रतिक्षालय मर्मत, रङरोगन गर्ने</td></tr>
<tr><td>४)</td><td>कार्यालय भवन थप मर्मत सम्बन्धमा</td><td>साविकमा निर्मित जिल्ला समन्वय समितिको भवनको मर्मत ठेक्का भई मर्मत सम्बन्धी कार्य भइरहेकोमा देहाय बमोजिम गर्ने गराउने</td></tr>
</table>

| | | |
|---|---|---|
| | | १) लागत अनुमान तयारीका क्रममा भएका item Quantities हरु मध्ये अति जरुरी नभएका item घटाई कूल ठेक्का लागतमा नबढ्ने गरी अति जरुरी item (जस्तो शौचालय मर्मत, स्यानिटरी कार्य, कोठाहरुमा भत्केका भित्ता टाल्ने, झ्यालमा राखिएका फुटेका सिसा फेर्ने, रङरोगन गर्ने लगायतका कार्य) Quantity थप गरी भएको संशोधित BoQ स्वीकृत/अनुमोदन गर्ने।<br><br>२) तीन वटा ब्लकमा निर्मित भवनहरुको आपसको जोर्नी भागमा निर्माणका क्रममा सिल नगरिएका कारण भवनका भित्ताहरुमा पानीको ओश आई बिग्रेको र उक्त item मर्मत ठेक्का लागत अनुमानमा छुटेको हुँदा उक्त समस्याको दीर्घकालीन समाधानका लागि विनियोजित बजेट सीमाभित्र रहने गरी EPDM Membrane खरिद तथा जडानका लागि लागत अनुमान अनुसारको बजेटको व्यवस्था गर्ने।<br><br>३) मुख्य भवनको भुइँतलाका तीन वटा कोठा (कोठा नं. १०४ र १०५ बीचको वाल भत्काई हल निर्माण गर्ने (सोका लागि आवश्यक बजेट व्यवस्था गर्ने)<br><br>४) मुख्य भवनको भुइँ तलाको कोठा नं. १०३ लाई जिल्लाको सूचना तथा अभिलेख केन्द्र/मिनी लाइब्रेरी निर्माण गर्न आवश्यक सामग्री खरिद निर्माण कार्यका लागि बजेट व्यवस्था गर्ने । |
| ५) | जिल्लास्तरीय वार्षिक प्रगति समीक्षा सम्बन्धमा | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ (ञ) मा भएको *"जिल्लाभित्रका विकास तथा निर्माणलाई प्रभावकारी बनाउनका लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षा कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने"* व्यवस्था बमोजिम संघ तथा प्रदेशमा प्रतिनिधित्व गर्नुहुने माननीय सांसदज्यूहरुसँगको समय अनुकूल हुने गरी तीनै तहका सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय गरेर पहिलो त्रैमासिकभित्रै जिल्लास्तरीय वार्षिक प्रगति समीक्षा कार्यक्रम गर्ने व्यवस्था मिलाउने । |
| ६) | समन्वयात्मक बैठक सम्बन्धमा | नेपालको संविधानको धारा २२०, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९२ तथा कोशी प्रदेशको जिल्ला सभा ऐन, २०७५ को दफा ३ ले जिल्ला सभा तथा जिल्ला समन्वय समितिलाई तोकेको कार्यजिम्मेवारी प्रभावकारी रुपमा कार्यान्वयन गर्न जिल्लास्थित तीनै तहका सरकारी तथा गैरसरकारी कार्यालयहरुसँग समन्वयात्मक बैठक मासिक रुपमा गर्ने व्यवस्था मिलाउने। |
| ७) | विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयारी सम्बन्धमा | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ तथा कोशी प्रदेशको जिल्ला सभा ऐन, २०७५ को दफा ३ मा भएको व्यवस्थाको प्रयोजनार्थ जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालित र चालु आर्थिक वर्षमा सञ्चालन हुने विकास निर्माण सम्बन्धी |

| | | |
|---|---|---|
| | | कार्यक्रमको विवरण तयार गर्न जिल्लास्थित सबै सरकारी तथा गैरसरकारी निकायहरुसँग विवरण माग गर्ने । |
| ८) | स्थानीय तहको क्षमता विकास पहिचान सम्बन्धमा | जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाहरुको क्षमता विकासका लागि आवश्यकता पहिचान गर्न गाउँ/नगरपालिकाबाट आवश्यक जानकारी सङ्कलन तथा विश्लेषण गरी प्रतिवेदन तयार गरी नेपाल सरकार तथा प्रदेश सरकार समक्ष आवश्यक सहयोगका लागि अनुरोध गरी पठाउने । |
| ९) | पुरानो भवनका माल सामान उपयोग सम्बन्धमा | जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको साविक जिल्ला विकास समितिको कार्यालयको सभा हल र क्वाटर भवन रहेको स्थानमा सोलुदुधकुण्ड नगरपालिकाको प्रशासनिक भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने प्रयोजनार्थ दुई वटा भवन भत्काउँदा निस्किएको मालवस्तुको सम्बन्धमा देहाय बमोजिम गर्ने गराउनेः<br>१) साविकको भवनको काठ ढुङ्गाको परिमाण यकिन गरी मौजुदा अवस्थाको परिमाण यकिन गरी राख्ने । साथै, उक्त ढुङ्गा सोलुदुधकुण्ड नगरपालिकाको प्रशासनिक भवन निर्माण गर्दा प्रयोग भएको देखिएकाले सो परिमाण यकिन गरी सो बराबरको राजस्व असुलीका लागि सोलुदूधकुण्ड नगरपालिकालाई अनुरोध गरी प्रक्रिया अगाडि बढाउने ।<br>२) साविकको भवनबाट निस्केको जस्तापाता मध्ये केही काठ संरक्षणका लागि टहरा निर्माणमा प्रयोग भएको र केही सोलुदुधकुण्ड नगरपालिकाको भवन निर्माण गर्ने जिम्मेवारी पाएको निर्माण व्यवसायीले सिमेन्ट रड लगायत निर्माण सामग्री राख्न टहरा निर्माण तथा बारबन्देजमा प्रयोग गरेको पाइएकाले सोको मूल्य बराबरको सोधभर्ना/ आवश्यक निर्माण सहयोगका लागि सोलुदुधकुण्ड नगरपालिकालाई अनुरोध गर्ने।<br>३) साविक भवनबाट निस्केको प्रयोगयोग्य काठ तथा जस्तापाता लगायतका मालवस्तु कार्यालयको आवश्यकता अनुसार बाँकी कोठाको भित्तामा काठको प्यानेलिङ, सूचना तथा अभिलेख केन्द्रमा बुक र्‍याक निर्माण लगायतका आवश्यकता अनुसार उपयोग गर्ने व्यवस्था मिलाउने ।<br>४) अनावश्यक, मर्मत तथा प्रयोग हुन नसक्ने मालवस्तु यकिन गरी लिलाम प्रक्रिया अगाडि बढाउने । |
| १०) | मर्मत निर्माणका लागि अन्य निकायमा अनुरोध गर्ने सम्बन्धमा | जिल्ला समन्वय समितिको नियमित कार्यालय सञ्चालन खर्चबाट मर्मतसम्भार तथा निर्माण कार्यका लागि बजेट अपुग हुने भएकाले सहयोग प्राप्त हुन सक्ने सम्भावित सहयोगी निकायहरुमा देहाय बमोजिमका कार्यका लागि अनुरोध गरी पठाउनेः<br>१) कार्यालय प्राङ्गणको फिल्ड निर्माण तथा सरसफाई<br>२) कार्यालय प्राङ्गणमा रहेको प्रतिक्षालय, कार्यक्रम मञ्च लगायतको संरचनाको मर्मत, रङरोगन कार्य<br>३) क्वाटर परिसर घेराबार |

| | | |
|---|---|---|
| | | ४) जिसस प्रमुखको क्वाटर भवन मर्मत<br>५) कार्यालयको कम्पाउण्ड घेराबार<br>६) सवारी साधन पार्किङ ट्रस निर्माण<br>७) कार्यालयको सभाहल निर्माण<br>८) तथा फर्निसिङ (स्थानीय संस्कृति र मौलिक पहिचान झल्किने)<br>९) सूचना तथा अभिलेख केन्द्र फर्निसिङ तथा आवश्यक सामग्री व्यवस्थापन |
| ११) | जिसस प्रमुखको भ्रमण स्वीकृति सम्बन्धमा | जिल्ला समन्वय समिति महासंघको सातौं केन्द्रीय कार्यसमितिको बैठकमा सहभागिताका लागि मिति २०८२ भाद्र २३ गतेदेखि २९ सम्म अवधिको लागि जिल्ला समन्वय समितिका प्रमुख श्री कृष्ण निरौलाको भ्रमण आदेश कोशी प्रदेशको जिल्ला सभा तथा जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ६(४) बमोजिम स्वीकृत गर्ने । |

.

.

**बैठक सङ्ख्याः ३३**
**मितिः** २०८२ भाद्र ११ गते बुधबार
**स्थानः** जि.स.स. बैठक कक्ष

जिल्ला समन्वय समिति, सोलुखुम्बुका प्रमुख श्री कृष्ण प्रसाद निरौलाज्यूको अध्यक्षतामा जिल्ला समन्वय समितिको बैठक देहायका पदाधिकारी तथा कर्मचारीहरुको उपस्थितिमा बसी पेश भएका प्रस्तावहरुमाथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| हस्ताक्षर | नाम थर | पद | कार्यालय/निकाय | कैफियत |
|---|---|---|---|---|
| | श्री कृष्ण प्रसाद निरौला | प्रमुख | जिल्ला समन्वय समिति | |
| | श्री टिका माया मगर | उपप्रमुख | जिल्ला समन्वय समिति | |
| | श्री नारायण कुमार निरौला | सदस्य | जिल्ला समन्वय समिति | |
| | श्री सोमराज के.सी. | सदस्य | जिल्ला समन्वय समिति | |
| | श्री सीता कुमारी बस्नेत | सदस्य | जिल्ला समन्वय समिति | |
| | श्री पेम्बा शेर्पा | सदस्य | जिल्ला समन्वय समिति | |
| | श्री धर्मध्वज बस्नेत | सदस्य | जिल्ला समन्वय समिति | |
| | श्री हिरामाया कामी | सदस्य | जिल्ला समन्वय समिति | |
| | श्री कमला नाछिरिङ राई | सदस्य | जिल्ला समन्वय समिति | |
| | श्री चन्द्र सिंह श्रेष्ठ | सदस्य सचिव (जिल्ला समन्वय अधिकारी) | जिल्ला समन्वय समितिको कार्यालय | |

**आमन्त्रित तथा अन्य उपस्थितिः**

श्री लबुन राई, शाखा अधिकृत, जिल्ला समन्वय समितिको कार्यालय, सोलुखुम्बु
श्री विक्रम तामाङ, इन्जिनियर, जिल्ला समन्वय समितिको कार्यालय, सोलुखुम्बु
श्री हिरोन राई, नायब सुब्बा, जिल्ला समन्वय समितिको कार्यालय, सोलुखुम्बु
श्री छविराज नाछिरिङ राई, खरिदार, जिल्ला समन्वय समितिको कार्यालय, सोलुखुम्बु
श्री दल बहादुर खत्री, कार्यालय सहयोगी, जिल्ला समन्वय समितिको कार्यालय, सोलुखुम्बु
श्री अनुजा कुलुङ, कार्यालय सहयोगी, जिल्ला समन्वय समितिको कार्यालय, सोलुखुम्बु
श्री नर बहादुर बस्नेत, कार्यालय सहयोगी, जिल्ला समन्वय समितिको कार्यालय, सोलुखुम्बु